# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ६ | संख्याः १ | मितिः २०८०।०१।२५

## भाग-२

बनेपा नगरपालिका

# नगर प्रमुख स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन कार्यबिधि २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०१।१५
प्रमाणिकरण मितिः २०८०।०१।२५

# नगर प्रमुख स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन कार्यबिधि २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०१।१५**

**प्रमाणिकरण मितिः २०८०।०१।२५**

**प्रस्तावना:**

बनेपा नगरपालिका अन्तर्गत बसोबास गर्ने नगरबासिहरूमा टोल/बस्ती सम्म पुगी स्वास्थ्य सेवाको पहुँच पुर्याइ नसर्ने रोगहरूको नियन्त्रणका कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो नगर प्रमुख स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन कार्यविधि २०८० स्वीकृत गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम नगर प्रमुख स्वास्थ्य प्रवर्धन कार्यविधि २०८० रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "कार्यक्रम" भन्नाले नगर प्रमुख स्वास्थ्य प्रवर्धन कार्यक्रम सम्झनु पर्दछ क) समन्वय समिति भन्नाले दफा ६ अनुसारको समन्वय समिति सम्झनु पर्छ ।

ख) "कार्यविधि" भन्नाले नगर प्रमुख स्वास्थ्य प्रवर्धन कार्यविधि, २०८० सम्झनु पर्दछ ।



ग) समन्वय समिति भन्नाले दफा ६ बमोजिम गठन हुने समिति सम्झनु पर्दछ ।

घ) "स्वास्थ्य कार्यकर्ता" भन्नाले नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरूमा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मिहरू सम्झनु पर्दछ ।

ङ) "स्वास्थ्य संस्था" भन्नाले नगरपालिका अन्तरगतका चौध वटै वडाका आधारभुत नगर अस्पताल वा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरू पर्दछ ।

## परिच्छेद - २
## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

**३. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था:**

कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) नगरबासीहरूको टोल/बस्ती सम्म स्वास्थ्य सेवाको पहुँच पुर्याइ नसर्ने रोगहरूको नियन्त्रणमा सहयोग पुर्याउन नगर प्रमुख स्वाथ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिने छ ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रम हरेक आर्थिक वर्षमा स्वीकृत बजेट तथा कार्यक्रममा भएको व्यवस्था अनुसार यस नगरपलिकाका चौध वटै वडाहरूमा सञ्चालन गर्न सकिने छ ।

(३) कार्यक्रम सञ्चालनका लागि चौध वटै वडाहरूमा एक एक वटा स्वास्थ्य संस्था तोकी सो संस्थामा कार्यरत रहेका स्वास्थ्यकर्मीहरू मध्येबाट दुई दुई जनाका दरले कार्य विभाजन गरि निश्चित समयावधी तोकी परिचालन गरिनेछ ।

**४. कार्यक्रमको उदेश्य :**

कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ ।

(१) टोल बस्तीमा प्रवर्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवा उपलब्धताको अवसर बढाउने ।

(२) सम्बन्धित टोल/बस्तीका अठाह्र वर्ष माथिका सबै नगरबासीहरूको तौल,रत्तचाप, सुगर र पिसाब परीक्षण गर्ने,

समस्या देखिएमा स्वास्थ्य संस्थामाहरूमा जान सल्लाह दिने र समस्या देखिएका व्यक्तिहरूको निरन्तर निगरानी गर्ने ।

(३) नसर्ने रोगहरूको निरन्त्रण र रोकथाम गर्ने ।

### ५. टोल/बस्ती छनौटका आधार:

स्वास्थ्य संस्था व्यवस्थापन समितिको वैठकबाट निर्णय गराई प्रत्येक वडामा तीन देखि पाँच वटा सम्म टोल/बस्ती छनौट गरिने छ । साथै नगर स्वास्थ्य क्लिनिकबाट तोकिएको टोल/बस्तीमा कार्यक्रम र सञ्चालन गरिने मिति समेत निर्धारण गरिनेछ ।

### ६. समन्वय समिति:

(१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा आवश्यक नीति, निर्देशन,नियमन,समन्बय र निरीक्षणका लागि देहाय बमोजिमको समन्वय समिति गठन हुनेछ ।

संयोजक - नगर प्रमुख
सदस्य- नगर उपप्रमुख
सदस्य- प्रमुख प्रशासकीय अधिकृत
सदस्य- संयोजक, सामाजिक विकास समिति
सदस्य- प्रशासकीय अधिकृत
सदस्य- सामुदायिक विकास अधिकृत
सदस्य सचिव - स्वास्थ्य शाखा प्रमुख

(२) समन्वय समितीको बैठकमा आवश्यकता अनुसार बढीमा ५ जना सम्म स्वास्थ्य विज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्ने सकिने छ ।

(३) समन्वय समितीको बैठक कम्तिमा २ महिनामा १ पटक बस्नेछ ।

### ७. समन्वय समितीको काम, कर्तब्य र अधिकार :

समन्वय समितीको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम सञ्चालनका लागि आवश्यक कार्य योजना स्वीकृत गर्ने ।



(ख) कार्यक्रम कार्यान्वयनमा सहजीकरणका लागि अन्तर निकाय समन्वय गर्ने ।

(ग) कार्यक्रमको समन्वय र मूल्याकन गर्ने गराउने ।

(घ) कार्यक्रमको निरन्तरता, विस्तार तथा परिमार्जनका लागि सहजीकरण गर्ने ।

### ८. नगरपालिका स्वास्थ्य समन्वय समिति:

नगर क्षेत्रमा सन्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयन, आवश्यक निर्देशन, नियमन र मूल्याङ्कनका लागि देहाय बमोजिमको अनुगमन समिति गठन हुनेछ ।

सयोजकः नगर उप प्रमुख
सदस्यः प्रमुख प्रशासकिय अधिकृत
सदस्यः सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य
सदस्यः सामुदायिक विकास शाखा
सदस्यः सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख
सदस्य सचिव : स्वास्थ्य शाखा प्रमुख

### ९. नगरपालिका स्वास्थ्य समन्वय समितिको काम, कर्तब्य र अधिकार :

अनुगमन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यक्रम सञ्चालनको लागि वडा र स्वास्थ्य संस्थासँग आवश्यक समन्वय र सहजीकरण गर्ने ।

(ख) कार्यक्रमको नियमित अनुगमन गर्ने ।

(ग) स्वास्थ्यकर्मीहरूलाई निर्धारित टोल/बस्तीमा सेवा पुर्याउने क्रममा आईपरेका समस्याहरूको समाधान र सहजिकरन गर्ने तथा काम गर्न अनुकूल वातावरण सिर्जना गर्ने ।

### १०. वडा स्वास्थ्य समन्वय समिति :

कार्यक्रमको प्रभावकारी कार्यान्वयन, समन्वय र निरीक्षणका लागि

स्वास्थ्य संस्था व्यवस्थापन समिति बाट नै वडा स्वास्थ्य संस्था समन्वय समितिको भूमिका निर्वाह हुनेछ ।

**११. वडा स्वास्थ्य समन्वय समितिको काम, कर्तब्य र अधिकार:**

वडा स्वास्थ्य समन्वय समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्वास्थ्यकर्मीहरूले गरेको कामको नियमित अनुगमन गर्ने ।

(ख) स्वास्थ्यकर्मीहरूलाई निर्धारित टोल/बस्तीमा सेवा पुर्याउने क्रममा आईपरेका समस्याहरूको समाधन र सहजिकरण गर्ने तथा काम गर्न अनुकूल वातावरण सिर्जना गर्ने ।

(ग) आवश्यकता अनुसार वैठक बसी सिफारिस तथा निर्णयहरू गर्ने।

(घ) आवश्यक सामग्री व्यवस्था गर्ने ।

## परिच्छेद - ३
## कर्मचारी परिचालन सम्बन्धमा

**१२.** वडा स्वास्थ्य समन्वय समितिले प्रत्येक वडा बाट दुई जना स्वास्थ्यकर्मीलाई छनौट गरि कार्यक्रम सञ्चालनका लागि परिचालन गरिने छ ।

**१३. स्वास्थ्य कार्यकर्ताको काम, कर्तब्य र अधिकार :**

परिचालन भएका स्वास्थ्यकर्मीको काम, कर्तब्य र अधिकार देहाय अनुसार हुने छ ।

(क) टोल/बस्तीको हरेक घरपरिवार अठार वर्ष माथिका सबै वडा बासीहरूको प्रत्येक महिना एक पटक तोकिएको मिति र स्थानमा वि पि सेट, ग्लुकोमिटर, युरिस्तिक, थर्मोमिटर, तौल मेसिन, अक्सिमिटर, सहित टोल/बस्तीमा जाने र तौल, रक्तचाप, सुगर, पिसाब परिक्षण गर्ने ।

(ख) सामान्य समस्या देखिएका ब्यक्तिलाई स्वास्थ्य संस्थाले उपलब्ध गराउन सकिने ककषधी तत्काल उपलब्ध गराउने र तुरुन्त नजिकको स्वास्थ्य संस्थामा पठाउने ।



(ग) जटिल समस्या देखिएको ब्यक्तिलाई रेपिड रेस्पोन्स टिमसँग समन्वय गरि तुरुन्त नजिकको अस्पताल पठाउनको लागी पठाउन सहजिकरण गर्ने ।

(घ) जटिल समस्या देखिएको बिरामीको उपचार र स्वास्थ्य अवस्थाको निरन्तर निगरानी गर्ने ।

(ङ) नसर्ने रोगको बिरामीहरूको पहिचान गरी परामर्श दिने र आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सम्पर्कका लागि परामर्श दिने ।

(च) नसर्नी रोग लाग्न नदिनका लागि उचित खानपान र शारिरिक ब्यायाम सहितको स्वस्थ जीवन शैलीको लागि परामर्श गर्ने ।

## परिच्छेद - ४
## अभिलेखिकरण,अनुगमण र मुल्याङ्कन

**१४. कार्यक्रमको अभिलेखिकरण र अनुगमन सहजताका लागि देहाय बमोजिमको व्यवस्था मिलाउने:**

(क) कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने फर्म, फरमेट, रजिष्टर लगायतका आवश्यक उपकरण सामाग्रीहरू स्वास्थ्य शाखाले उपलब्ध गराउनेछ ।

(ख) टोल वस्तीमा पुर्याएका सेवाहरूको उचित रेकर्डिंग र रिपोंटिगं गरिनेछ ।

(ग) कार्यक्रमको आन्तरीक मुल्यांकन गरिने छ ।

(घ) वडा स्तरीय स्वास्थ्य प्रोफाई तयार पारिने छ ।

## परिच्छेद - ५
## विविध

**१५. कर्मचारीहरुलाई भत्ता सम्बन्धी व्यवस्था:**

(१) कार्यक्रम सञ्चालनका लागि खटाइएका कर्मचारीलाई र्कायपालिकाले तोके बमोजिम भत्ता उपलब्ध हुनेछ ।

(२) र्कायक्रम सञ्चालनका लागि आवश्यक अन्य व्यवस्था स्वीकृत बजेट तथा कार्यक्रम र कार्यपालिकाले गरेको निर्णयानुसार हुनेछ ।

**आज्ञाले,**
**शिव प्रसाद हुमेगाई**
**प्रमुख प्रशासकीय अधिकृत**